स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता दीलिप रायमाझीकी छोरी दिव्या रायमाझी फिल्म 'एक्टर'बाट डेब्यूको तयारीमा छिन् । बाल्यकालदेखि नै अमेरिका बस्दै आएकी उनी फिल्ममा काम गर्नका लागि गत चैत दोस्रो साता काठमाडौं आइसकेकी छन् । यतिबेला उनले फिल्मको वर्कसपसँगै जिममा वर्कआउट पनि गरिरहेको जानकारी प्राप्त छ । यही बैशाख अन्तिमबाट फिल्मको छायांकन सुरु गर्ने तयारी गरिएको छ । अब दिव्याले नेपालमै बसेर फिल्ममा गर्ने भएकाले उनका लागि दीलिपले काठमाडौंमा घर समेत खरिद गरेका छन् ।

**आजको विचार...**



राजतन्त्र...
(दुई पेजमा)

बिदुरप्रसाद दाहाल

सन्तान हुर्किएपछि अभिनेत्री ऋचा शर्माको फिल्ममा पुनः व्यस्तता बढेको छ । गत वर्ष तीनवटा फिल्ममा काम गरेकी उनको यस वर्षको सुरुवात फिल्म 'सारंग'बाट भएको छ । उनले फिल्मको छायांकन सुरु गरेकी हुन् । कोटेश्वर स्थित कान्जिरोवा स्कुलमा क्यामेरा र स्क्रिप्ट पूजा गर्दै फिल्मको छायांकन सुरु गरिएको हो । फिल्मको सुटिङ सेड्युल एक महिनाको राखिएको छ । फिल्मलाई यस वर्षको बाल दिवसको छेको पारेर प्रदर्शन गर्ने योजनामा निर्माण टिम रहेको छ ।



❑ वर्ष २९ ❑ अंक २५६ ❑ २०८१ वैशाख ४ गते मंगलबार 16 April 2024, Tuesday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# चैते दसैं : हराउँदै महत्व, बिर्सिंदै नयाँ पुस्ता

**रामचन्द्र रायमाझी**

**पाल्पा,** वैशाख ३/एक दशक अघिसम्म परम्परागत चैते दसैंको छुट्टै रौनक थियो । लोक गायक टीका क्षेत्रीको 'चैते दसैं मेलैमा, झर्छ आँसु छुट्ने बेलैमा' भन्ने गीत सबैको मुखमा कण्ठस्थ थियो । अहिले रेकर्ड गरिएका ति आधुनिक गीतले पाका पुस्तालाई चैते दसैं फेरिएको मात्र हैन त्यसको महत्व नै घटेको महशुस हुन्छ । बढ्दो आधुनिकतासँगै पहिलाको चैते दसैं र अहिलेको चैते दसैंको रौनकतामा व्यापक परिवर्तन आएको पुराना पुस्ताका व्यक्तिहरु बताउँछन् ।

पहिले चैते दसैं भन्ने बित्तिकै अर्को दसैंकै झझल्को आउने गरेको पाल्पा रैनादेवी छहरा गाउँपालिका-३ भुवनपोखरीका ७८ वर्षीय विष्णु पोखरलले बताए । उनी भन्छन् 'पहिले-पहिले चैते दसैंमा उमङ्ग हुन्थ्यो, हामी मामा घर जान्थ्यौ, गाउँ घरमा खसी काट्न्थ्यो, टिका टालो हुन्थ्यो तर अहिले त्यस्तो पाइदैन ।' नयाँ पुस्ताले चासो नदिदाँ पर्वको महत्व घट्दै गएको पोखरेलको भनाई छ । अचेल कतिलाई चैते दसैंको हेक्का समेत छैन । क्यालेण्डर हेक्का नराख्ने हो भने चैते दसैंको ज्ञान कमैलाई हुने गरेको छ । तानसेनका २१ वर्षीय राजेश गाहाले चैते दसैंबारे खासै थाहा नभएको सुनाउँछन् । उनी भन्छन्, 'चैते दसैं भन्ने थाहा छ, तर यसको महत्व र महिमाबारे राम्रोसँग जानेको छैन ।' चैते दसैं मनाउने तरिकामा पनि परिवर्तन आएको धेरैले महशुस गरेका छन् । पहिला-पहिला सबैतिर चहलपहल हुन्थ्यो, अहिले यसप्रति मानिसहरुको मोह घटेको छ । सोमबार माइत जान भनेर तानसेनस्थित गुल्मी घुम्टीरोडमा गाडी कुरिरहेकी गुल्मी तम्घासकी सुनिता घर्तीले पनि पहिले-पहिले जस्तो चैते दसैंको रौनक नभएको बताइन् । उनले भनिन् 'पहिले-पहिले माइत, मामा घर तथा आफन्तकोमा जानेहरुको भिड र रौनक हुन्थ्यो तर खै आजभोली कसैलाई पनि चासो भएको देखिदैनन् ।' पहिले यो दसैंको महत्व थियो । घर, गाँउ र समाजमा चैते दसैंलाई प्राथमिकता दिइन्थ्यो' घर्तीले भनिन्, 'अहिले मानिसहरु ब्यस्त भएका छन् । संस्कृतिप्रति खासै ध्यान छैन ।' चैते दसैं सनातन धर्मावलम्बीका लागि बडा दसैं जस्तै महत्व बोकेको पर्व हो । चैत शुक्ल अष्टमीमा भवानी दुर्गाको उत्पत्ति भएको र नवमीमा रामको कथासँगै अवतारवादको सन्दर्भसहित चैते दसैं मनाइने गरिन्छ । मिठो मसिनो खाँदै मंगलबार आज चैते दसैं मनाईदै छ ।

हरेक वर्षको चैत शुक्ल अष्टमीका दिन चैते दसैं मनाउने परम्परा छ । चैते दसैंका दिन बिहानदेखि घर-घरमा देवीको पुजा आजा गरि टिकाटालो गर्ने चलन छ । यस दिन आफ्ना मामाघर, माइत, ससुराली लगायत आफन्तको घरमा गएर मान्यजनको हातबाट टिका थाप्ने चलन छ । अशोजको दसैंमा जस्तो यो दसैंमा पहैंलो जमराको भने प्रयोग हुँदैन । असुर शक्तिमाथि दैवीशक्तिको विजय तथा असत्यमाथि सत्यको विजयका रुपमा लिइने दसैं हिन्दुधर्मावलम्बीहरुले वर्षमा दुई पटक मनाउने गर्दछन् । असोजमा मनाइने दसैंलाई बडादसैंको रुपमा मनाइन्छ भने चैत शुक्ल अष्टमीमा मनाइने दसैंलाई चैते दसैं । आज घरघरमा तथा देवीका मन्दिरमा देवीभागवत, कालिका पुराणलगायत स्तोत्र पाठ गरिन्छ । वर्षको दुई पटक चैत र असोजमा गरिने दुर्गापुजाको विशेष महत्व रहेको शास्त्रमा वणिर्त छ । चैते दसैंको दिन देशभरका शक्तिपीठहरुमा बिहानैदेखि दर्शनार्थीको घुइँचो लाग्ने गर्दछ । हिन्दु धर्मालम्वीहरुले आज चैते दसैं मनाएर भोलि विशेष उत्सवको साथ राम नवमी पर्व मनाउने गर्दछन् । आज अशोकको फूल खाने पनि गरिन्छ । फुल खादा रोगब्याधी नष्ट हुने आम विश्वास छ । आजको दिन छोरी चेली लगायत दिदीबहिनी अनि कुटुम्भहरूलाई बोलाएर खुवाउने चलन रहेको छ । चैते दसैंमा विगत केही वर्ष यता सरकारले सार्वजनिक विदा भने दिएको छैन ।



## संक्षिप्त समाचार

### रकेट आक्रमणमा चारको मृत्यु, १२ घाइते

**(रासस/सिन्ह्वा)**

**याङ्गुन (म्यान्मा),** वैशाख ३/मध्य म्यान्मारको माण्डाले क्षेत्रको पिन ऊ ल्विनमा भएको रकेट आक्रमणमा चार जनाको मृत्यु हुनुका साथै १२ जना घाइते भएको म्यान्माको राज्य प्रशासन परिषद्को सूचना टोलीले सोमबार जनाएको छ ।

माण्डाले क्षेत्रको पिन ऊ ल्विन सहरमा आइतबार राति आक्रमणकारीहरूले सहरलाई निशाना बनाई ११ वटा रकेट प्रहार गरेका थिए । पिन ऊ ल्विन जनरल अस्पतालको अर्थोपेडिक वार्ड, होटलसहित धेरै ठाउँमा हमला भएको सूचना टोलीले जनाएको छ । गुम्बामा भएको आक्रमणका कारण दुई बौद्ध भिक्षुसहित तीन जनाको मृत्यु भएको थियो भने एक जना घाइते भएका थिए । यसैगरी आक्रमणमा पिन ऊ ल्विनको वार्डका एक स्थानीय बासिन्दाको पनि मृत्यु भएको छ । पिन ऊ ल्विन जनरल अस्पतालमा भएको आक्रमणका घाइते बालबालिका, बिरामी र कर्मचारीसहित ११ जनाको उपचार भइरहेको बताइएको छ ।

परम्परागत थिङ्ग्यान वाटर फेस्टिभलका क्रममा गैर-सैन्य लक्ष्यहरूमा भएका आक्रमणहरू सार्वजनिक शान्ति र स्थिरतामा खलल पुऱ्याउने उद्देश्यले आतङ्ककारीहरूले गरेको कार्यहरू भएको बताइएको छ । सुरक्षा बलले अपराधीहरूलाई पत्ता लगाउन र पक्राउ गर्न सुरक्षा व्यवस्था कडा गरिरहेको सूचना टोलीले जनाएको छ ।

**काम गर्न विदेश जाने सोंच बनाउँदै हुनुहुन्छ ?**

*हुनुहुन्छ भने :*

- श्रम तथा वैदेशिक रोजगारका विषयमा आवश्यक जानकारीका लागि स्थानीय तहमा क्रियाशील रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नुहोस् ।
- राहदानी बनाउँदाका बखत नै सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा रहेको आप्रवासी स्रोत केन्द्रमा सम्पर्क राख्नुहोस् ।
- श्रम कल सेन्टरको निःशुल्क नम्बर ११४१ मा फोन गर्नुहोस् ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## कालीगण्डकी गाउँ सरकार : वडामै पुगेर सेवा प्रवाह, नागरिक उत्साहित

**गुल्मी,** वैशाख ३/गुल्मीको कालीगण्डकी गाउँपालिकाले वडामै पुगेर सेवा दिन सुरु गरेको छ । 'जहाँ नागरिक त्यहाँ सेवा' भन्ने मान्यतालाई आत्मसाथ गर्दै पालिकाले एकीकृत घुम्ती सेवामार्फत वडामै पुगेर नागरिकलाई सेवा दिन सुरु गरेको हो ।

कार्यालयको कामकाजलाई व्यवस्थित गर्दै वडा-वडामा पुगेर घुम्ती शिविरमार्फत नागरिकलाई सेवा प्रवाहसँगै उनीहरुका जनगुनासाहरुलाई समेत सोही ठाउँबाट समाधान गर्ने प्रयास गरिएको गाउँपालिका उपाध्यक्ष मञ्जु दर्लामीले बताइन् । उनका अनुसार गाउँपालिकाको टाढाको वडालाई लक्षित गर्दै सेवा प्रवाह सम्बन्धी घुम्ती शिविर सञ्चालन गरी सेवा प्रवाह गर्दै आइएको छ । पालिकाले पहिलो पटक सोमबार वडा ७ छापचौरमा शिविर सञ्चालन गरी सेवा प्रवाह गरेको छ । हेफर ईन्टरनेशन नेपाल, नेपाल रेडक्रस सोसाईटी, आधुनिक समाज डेण्टल केयर प्रालिको प्राविधिक सहयोगमा शिविर भएको हो ।



पालिकाबाट हुने सेवाहरु लिन केन्द्रमा पुग्न नागरिकलाई झन्झटिलो हुनुको साथै समय र खर्चिलो हुने हुँदा वडामै पुगेर शिविरमार्फत सबै सेवाहरु एकै ठाउँबाट प्रवाह गर्न थालिएको वडा अध्यक्ष घनश्याम थापाले बताए । शिविरमा विशेषज्ञ सहितको स्वास्थ्य सेवा, दन्त उपचार सेवा, पशु सेवा, योजना सम्बन्धी कार्यहरु, पञ्जिकरण सेवा, शैक्षिक परामर्श सेवा, जेष्ठ नागरिक परिचय पत्र वितरण तथा सहायता सामग्री वितरण, गर्भवती सुत्केरीसँग उपाध्यक्ष भेटघाट कार्यक्रम लगायतका सेवाहरु एकै ठाउँबाट प्रदान गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नरेश गिरीले जानकारी दिए । पालिकाले वडा तहमै पुगेर सेवा प्रवाह गर्न थालेपछि नागरिकहरु पनि खुसी भएका छन् । यसरी वडाबाट नै सेवा पाउँदा अत्यन्तै खुसी लागेको स्थानीय ७८ वर्षीय डण्डपानी गौतमले बताए । उनले परिचय पत्र लिनका लागि समेत पालिका जान नसकेको अवस्थामा स्थानीय सरकार आफै आएर दिएकोमा खुसी व्यक्त गरे । अर्का ७६ वर्षीय नेत्रबहादुर ज्ञवालीले पनि औषधी उपचारका लागि पाल्पा र बुटवलसम्म पुग्नु परेको भन्दै शिविरमै सो सेवा पाउँदा खुसी लागेको बताए । छापचौर स्वावलम्बन महिला समूहकी अध्यक्ष सन्तु थापा क्षेत्री शाहले शिविरबाट तरकारीको बीउ विजन, बाखा, कुखुरा र जुकाको औषधी लिएको बताउँदै यस प्रकारको शिविर नियमित रुपमा सञ्चालन हुन सकेमा सेवाग्राहीहरुलाई निकै सुविधा हुने बताइन् । शिविरमा तरकारीको नर्सरी राख्ने तरिका, जुका, माटे लाग्ने कारण, लक्षण र उपचारको विषयमा राम्रो सँग सिक्न पाएकोमा सेवाग्राहीहरुले खुसी समेत व्यक्त गरेका छन् । शिविरमा ३ सय भन्दा बढीले सेवा लिएको पालिकाले जनाएको छ ।

*-विष्णुप्रसाद पाण्डेको सहयोगमा*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवजनचेतना

# सम्पादकीय

## चैते दसैँ र यसका अन्तर्वस्तु

आज चैत्र शुक्ल अष्टमी अर्थात् चैते दसैँ । चैत महिनामा पर्ने दसैँ तथा नवरात्रीलाई चैते दसैँ भनिन्छ । यसमा पनि दसैँको जस्तै पूजापाठ, चण्डीपाठ, बाजागाजा बज्ने गर्छन् । नेपाली चाडपर्वमा चैते दसैँको पनि महत्वपूर्ण स्थान रहेको छ । नेपालमा ठाउँ अनुसार फरक–फरक ढंगले चैते दसैँ मनाउने गरिन्छ । असुर शक्तिमाथि दैवीशक्तिको विजय तथा असत्यमाथि सत्यको विजयका रुपमा लिइने दसैँ हिन्दुधर्मावलम्बीहरूले वर्षमा दुई पटक मनाउने गर्दछन् । चैते दशैं शरद ऋतुमा मनाइने बडा दसैँमा जस्तो बाहिरी उल्लास र चहल पहल नभए पनि समग्रमा उल्लासमय हुने गर्दछ । यस दिन दुर्गा भवानीको पूजाआजा गर्ने र खास गरेर अष्टमी तिथिको दिन आफन्तजनसँग बसेरसँगै खानपिन गर्ने र भगवान राम जन्मेको तिथि रामनवमी विशेष उल्लासकासाथ धार्मिक अनुष्ठानमा संलग्न भई यो पर्व मनाउने गरिन्छ । चैते दसैँलाई कतिपय ठाँउमा सानो दशैं भन्ने चलन पनि छ । हाम्रो संस्कृतिलाई जीवन्त राख्न यो पर्वले ठूलो महत्व राख्दछ ।

आजकै दिन मर्यादा पुरूषोत्तम श्री रामचन्द्र आफ्नो १४ वर्षे वनवास सकाएर अयोध्या फिरेको मानिन्छ । आफ्नी श्रीमती सीताको अस्मिता रक्षार्थ रावणको दुस्साहस र असुरमुखी व्यवहारबाट संसारलाई जोगाउन भगवान श्री रामले रावणको वध गरेका थिए । यसरी रावणको वध गर्नका लागि देवी दुर्गाले रामलाई मद्दत गरेकी थिइन् । आज राम अनि दुर्गा लगायत अन्य धेरै देवीदेवताको पूजा गरिन्छ । चैते दसैँका दिन उनीहरुको सकुशल आगमन भएकोमा अयोध्यावासी लगायत सबैले असत्यमाथी सत्यको जितको रुपमा चैते दसैँ मनाएका हुन् भन्ने सामाजिक मान्यता छ । आजका दिन छोरी चेली लगायत दिदी बहिनीहरुलाई बोलाएर मिठो मसिनो बनाएर खुवाउने चलन पनि गाउँघरमा रहेको छ । पछिल्लो समय पर्वको रौनक घट्दै गएपनि यसको सामाजिक महत्व भने उत्तिकै छ ।

### Opinion @ Social Network

सम्हालिएर हिड्न सिक्नुहोस् अक्सर
तारिफको पूल मुनि मतलबको नदी बगेको हुन्छ ।
*(सन्तोष श्रेष्ठको फेसबुक स्टाटस https://www.facebook.com//Santosh.shrestha)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# राजतन्त्र पुनस्र्थापनाको भ्रम र यथार्थ



**बिदुरप्रसाद दाहाल**

*वर्तमान शासन ब्यवस्था भद्दा मानिसको गुनासो छ । भ्रष्टाचार बढेको छ । जनताको जीवनस्तर सुधार भएको छैन । धनी र गरिबबीचको खाडल बढेको छ । अराजकता बढेको छ । राष्ट्रियता कमजोर भएको छ । भीमकाय र खर्चिलो संघीय ब्यवस्था मानिसलाई मन परेको छैन । बरु पहिलेकै ब्यवस्था ठीक थियो भन्ने मानिसहरू बढेका पक्कै हुन् । तर उनीहरूले राजा खोजेका होइनन, सुशासन खोजेका हुन् । राजा ल्याएर प्रजातन्त्र उन्नत हुँदैन । प्रजातन्त्रको विकल्प राजतन्त्र होइन । उन्नत प्रजातन्त्र हो । राजा र राजतन्त्रप्रतिको आकर्षण भन्दा पार्टीहरू प्रतीको निराशा बढी हो । राजा हुँदा नै नेपाल गरिब भएको हो । राजाको शासनमा स्वर्ग थियो । यतिखेर बिग्रेको होइन । त्यसबेला पनि राम्रो थिएन, यतिखेर पनि राम्रो छैन । अवसर पाउँदा नगर्नेहरूले अब चाहिँ गर्छन् भनी कसरी पत्याउने ? पत्याउन सकिँदैन । पृथ्वीनारायणदेखि ज्ञानेन्द्र शाहसम्म ताला साँचो सबै राजासँगै थियो । त्यसबेला केही नगर्ने राजा र राजतन्त्रबाट फेरि अपेक्षा गर्नु अर्को मूर्खता हो ।*

परिवर्तनशील दुनियाँमा सबै कुराको परिवर्तन सम्भव हुन्छ । नेपालमा राजतन्त्र पुनस्र्थापना हुनै सक्दैन भन्ने होइन, हुन सक्छ । तर राजतन्त्र फर्कन सक्ने परिवेश बनेकै छैन । धेरै देशमा राजतन्त्र पतन हुँदा केही देशमा पुनस्र्थापना भएका उदाहरण छन । नभएका होइनन् । पुन:स्थापना हुने/नहुने त्यो देशको परिवेशले निर्धारण गर्छ । नेपालमा यथास्थितिमा राजतन्त्र पुन:स्थापनाको कुनै सम्भावना छैन । इतिहासको कालखण्डमा धेरै देशहरूमा राजतन्त्रात्मक शासन ब्यवस्था थियो । घटेर १५ प्रतिशतको हाराहारीमा मात्र राजतन्त्रात्मक ब्यवस्था छ । एक पछि अर्को गर्दै राजतन्त्र ढले । राजतन्त्रको अवस्था डाइनोसर झैँ भयो । किन भयो ? यसको उत्तर सजिलो छ । राजतन्त्रले जनभावना बुझेन । परिस्कृत हुन सकेन । जनभावना नबुझ्नेहरू इतिहास भए । राजतन्त्र भएकामध्ये पनि सक्रिय राजतन्त्र थोरै छन् । बाँकी देशमा सम्मानका लागि मात्र राजतन्त्र छ । नेपालले सक्रिय राजतन्त्र र संवैधानिक राजतन्त्र दुवैको अभ्यास गर्यो । अन्तत: मुलुक २०६५ मा गणतन्त्रात्मक राज्य बन्यो । क्यारेबियन राष्ट्र बार्बाडोस राजतन्त्र बिदा गर्ने पछिल्लो देश हो । नेपालले दुनियाँलाई चकित पार्दै रक्तपातविहीन क्रान्तिबाट राजतन्त्रलाई बिदा गर्यो । जुन विश्वका लागि एउटा अनुपम उदाहरण थियो । राजा ज्ञानेन्द्रले सत्ता गुमाए । राजतन्त्र ढल्यो । राजतन्त्र फर्काउनुपर्छ भन्ने राष्ट्रिय प्रजातन्त्र पार्टीले आन्दोलन गरिरहेको छ । राजतन्त्र पुनस्र्थापना उसको मूल मुद्दा हो । यो मुद्दा बोकेर उसले संसदमा १४ सिट जितेको छ ।

पूर्व राजा ज्ञानेन्द्र पनि अब समय भएको छ भन्ने दुई अर्थी भाषा प्रयोग गरिरहेका छन् । राजतन्त्र फर्काउन प्रयास गरिरहेका छन् । बुढापाकाहरू, पुरातन सोच भएकाहरू र विगतमा राजतन्त्र हुँदा फाइदा लिएकाहरू पनि राजतन्त्र छिट्टै फर्कने भविष्यवाणी गर्छन् । राजतन्त्र पुनस्र्थापना भएका देशको उदाहरण दिएर नेपालमा पनि फर्किने सम्भावना छ भन्छन् । एशियाका १३ देश ( थाइल्यान्ड, जापान, मलेसिया, कम्बोडिया, भुटान, युएई, साउदी अरब, कतार, ओमान, कुबेत, जोर्डन, ब्रुनाई, बहराइन) मा राजतन्त्र छ । बेलायत, स्पेन, मोनाको, नेदरल्यान्ड, नर्वे, लक्जेम्वर्ग, भ्याटिकन सिटी, लेसेथो, डेनमार्क, बेल्जियम, सेन्ट लुसिया, क्यानडा, अष्ट्रेलिया, सोलोमन आइस्ल्यान्ड, टोगो, स्वाजिल्यान्ड, एन्डोरा आदि देशमा राजतन्त्र छ । बेलायत, स्पेन र कम्बोडिया एक पटक राजतन्त्र पतन भएर पुनर्स्थापना भएका देशहरू हुन् । ती देशमा राजतन्त्रलाई अत्यन्त सम्मान गरिन्छ । देशको राष्ट्रिय प्रतिकका रूपमा राजतन्त्रलाई लिइन्छ । तर नेपालमा त्यो अवस्था छैन । राजतन्त्र खराब हुन्छ वा राजतन्त्र असल हुन्छ भन्ने कुरा देशको अवस्था र उनीहरूले निर्वाह गरेको भूमिकाले निर्धारण गर्छ । नेपाल एकीकरणमा शाह राजाहरूको भूमिका थियो । त्यो सत्य हो । केही मानिसहरू उनका सन्तान फेरि राजा बनून् भन्ने सदिच्छा राख्छन् । अर्कोतिर राजतन्त्रलाई सामन्तीको प्रतिक मान्नेहरू छन् । राजा वा राजतन्त्र चाहिँदैन भन्छन् । साँच्चिकै राजतन्त्र पुनर्स्थापना सम्भव छ त ? गतिशील दुनियाँमा सबै कुराको सम्भावना हुन्छ । तर नेपालको वस्तुस्थिति, राजा ज्ञानेन्द्रको पृष्ठभूमि, राजनीतिक पार्टीहरूको धारणा, बहुसंख्यक जनताको चाहना, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश, प्रजातन्त्रको लहर आदिलाई मूल्यांकन गर्दा नेपालमा राजा वा राजतन्त्रको पुनस्थापना सम्भावना क्षण छ ।

वर्तमान शासन ब्यवस्था भद्दा मानिसको गुनासो छ । भ्रष्टाचार बढेको छ । जनताको जीवनस्तर सुधार भएको छैन । धनी र गरिबबीचको खाडल बढेको छ । अराजकता बढेको छ । राष्ट्रियता कमजोर भएको छ । भीमकाय र खर्चिलो संघीय ब्यवस्था मानिसलाई मन परेको छैन । बरु पहिलेकै ब्यवस्था ठीक थियो भन्ने मानिसहरू बढेका पक्कै हुन् । तर उनीहरूले राजा खोजेका होइनन, सुशासन खोजेका हुन् । राजा ल्याएर प्रजातन्त्र उन्नत हुँदैन । प्रजातन्त्रको विकल्प राजतन्त्र होइन । उन्नत प्रजातन्त्र हो । राजा र राजतन्त्रप्रतिको आकर्षण भन्दा पार्टीहरू प्रतीको निराशा बढी हो । राजा हुँदा नै नेपाल गरिब भएको हो । राजाको शासनमा स्वर्ग थियो । यतिखेर बिग्रेको होइन । त्यसबेला पनि राम्रो थिएन, यतिखेर पनि राम्रो छैन । अवसर पाउँदा नगर्नेहरूले अब चाहिँ गर्छन् भनी कसरी पत्याउने ? पत्याउन सकिँदैन । पृथ्वीनारायणदेखि ज्ञानेन्द्र शाहसम्म ताला साँचो सबै राजासँगै थियो । त्यसबेला केही नगर्ने राजा र राजतन्त्रबाट फेरि अपेक्षा गर्नु अर्को मूर्खता हो । २१ औ शताब्दी उन्नत प्रजातान्त्रिक युग हो राजतन्त्रको होइन । राजा फर्काउने कुरा सभ्यता विकासलाई पछाडि धकेल्ने कुरा हो । नागरिक चेतना र विकास प्रक्रिया ढिलो हुन सक्छ । सुस्त हुनसक्छ । तर अगाडि बढेको 'सिभिलाइजेसन' प्रक्रिया पछाडि फर्किन सक्दैन । फर्किएको कमै उदाहरण छन् । राणाशासन पतन भएको लामो समयपछि पनि मानिसहरू राणाहरू शासनमा फर्कन्छ भन्ने हल्ला गर्थे । पञ्चायती व्यवस्था हटेको एक दशकसम्म पनि पञ्चायत फर्कन्छ भन्थे । राजतन्त्र फर्किन्छ भन्नु त्यस्तै आत्मरति मात्र हो । यो अवस्था नबदिलएसम्म फर्किंदैन । केही यस्ता परिवेश छन् जसले राजतन्त्र फर्काउन अवरोध सिर्जना गर्छन् ।

**अवरोध १,**
७५ वर्ष पार गरेका ज्ञानेन्द्र फेरि राजा हुन्छन् वा सत्तामा फर्कन्छन् भन्ने कुरा भ्रम हो । उनले केही गर्दैनन । अब उनी वृद्ध भए । केही वर्षमा यो अध्याय समाप्त हुन्छ । राजा वीरेन्द्रको वंश हत्यामा उनको संलग्नता छ भन्नेहरूको जमात कम छैन । भलै, यो अनुसन्धानको विषय हो । पूर्व राजा ज्ञानेन्द्रको पुनस्र्थापनामा जनमत सकारात्मक छैन । यो सबैभन्दा ठूलो अवरोध हो ।

**अवरोध २,**
कल्पना गरौ: राजतन्त्र पुनस्र्थापन भयो । त्यसपछिको उत्तराधिकारी को ? ज्ञानेन्द्रका एक मात्र छोरा पारसलाई मानिसहरू त्यति मन पराउँदैनन् । राजा हुन लायक छैन भन्छन् । ब्यक्तिगत रूपमा, नैतिक रूपमा, चरित्रगत रूपमा लायक भएको भए एउटा सम्भावना जिवित हुन्थ्यो । त्यो सम्भावना पनि देखिँदैन ।

**अवरोध ३,**
ज्ञानेन्द्रको नाती हीरेन्द्र बारे मानिसलाई थाहै छैन । उनी कस्ता ब्यक्ति हुन् ? आममानिसले चिन्दैनन् । त्यस्तो पात्र राजा वा राजसंस्थाको उत्तराधिकारी हुन्छन् भन्ने कुरा कल्पना मात्र हो । कल्पना गर्न पाइन्छ । तेस्रो सम्भावना झन् कमजोर छ ।

**अवरोध ४,**
ठूलो जनमत पुराना पार्टीसँगै छ । पुराना पार्टीहरूको धारणा राजा र राजतन्त्रप्रति सकारात्मक छैन । बाँकी जनमत पनि राजतन्त्रप्रति आशावादी छैन । विश्व परिवेश राजतन्त्रको पक्षमा छैन । राजतन्त्रको पूर्व गतिविधि आममानिसलाई थाहा छ । एकदेखि चारसम्मका अवरोधले राजा फर्कन सक्ने देखिँदैन । त्यसैले राजा वा राजतन्त्र फर्कन्छ भन्नु भ्रम हो । राजतन्त्र फर्किने जनबलमा हो । जनबल पुरानो राजतन्त्रको पक्षमा छैन, बरु विपक्षमा छ । शाह वंशीय राजतन्त्र फर्कदैन । मानिसहरूको निराशा उपचार गरेन भने पुराना पार्टीहरूको विकल्प खोज्न सक्छन् । त्यो निश्चित हो । एकखालको नयाँ राजनीतिक शक्ति उदाउन सक्ने सम्भावना जिवित छ । तर त्यो राजतन्त्र हुन सक्दैन । 'वाद' विनाको शक्ति वा पार्टीको उदय हुन सक्ने सम्भावना हुन सक्छ ! प्रजातन्त्रभित्रैबाट उन्नत: रूप विकास हुन सक्छ ।

नयाँ पुस्ता पुरानो पुस्ता जस्तो होइन । पत्रिकाको शीर्षक पढ्ने र इन्टरनेटमा लिप्त हुने पुस्ता हो । सामाजिक सन्जालमा पोखिएका भावनाले राजाप्रति आकर्षण बढेको देखिँदैन । ब्यवस्था भन्दा अवस्था परिवर्तन खोजेका छन् । नयाँ पिँढी खुलापन र स्वतन्त्रता चाहन्छन् । पुरानो प्रणाली होइन । गन्जागोल र गन्तव्यविहीन राजनीतिबाट मुक्ति चाहन्छन् । मुक्तिका लागि अवसर नदेखेर विदेश पलायन भएका छन् । कुनै दिन अवस्था विस्फोट हुनेछ, जसले नयाँ क्रान्ति ल्याउँछ, तर त्यो राजा वा राजतन्त्र हुने छैन । उन्नत प्रजातन्त्र हुनेछ ।

***-बाह्रखरी डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : न्यायिक कार्यमा सफलता मिल्नेछ । जोश जाँगर र हिम्मत वढ्नेछ । | **तुला** : धार्मिक कार्यमा रुचि बढ्नेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ । |
| **वृष** : बिनाप्रतिस्पर्धा फाइदा हुने योग छ । पढाइ लेखाइमा प्रगति हुनेछ । | **वृश्चिक** : सफलता मिल्नेछ । मनोरञ्जनमा सहभागीता भइएला । |
| **मिथुन** : न्यायिक कार्यमा सफलता मिल्ने छ । जोश जाँगर र हिम्मत बढ्नेछ । | **धनु** : योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला । घरायसी विवाद बढ्नेछ । |
| **कर्कट** : नयाँ वस्त्र तथा अलंकार प्राप्ति हुनेछ । मित्रबाट सहयोग मिल्नेछ । | **मकर** : बिनाप्रतिस्पर्धा फाइदा हुनेछ । पुनर्मिलनको योग रहेको छ । |
| **सिंह** : सौन्दर्यतामा धन खर्च हुनेछ । प्रेममा मनमुटाव पनि हुन सक्छ । | **कुम्भ** : दैनिक कार्यमा प्रगति हुनेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । |
| **कन्या** : जोश, जाँगर र हिम्मत बढ्ने छ । शेयर बजारको कारोवार हुनेछ । | **मीन** : अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । कामको थालनी होला । |

# लाकौलको 'तीर्थ यात्रा दैनिकी' र 'गिता सार' लोकार्पण



**पाल्पा,** वैशाख ३/पाल्पाली अग्रज साहित्यकार सुब्बा स्व.कृष्णप्रसाद लाकौलद्वारा लिखित 'तीर्थ यात्रा दैनिकी' र 'गिता सार' कृतिको लोकार्पणसँगै विमर्श गरिएको छ । सोमबार पाल्पा साहित्य समाजले आफ्नो ३१ औं स्थापना दिवसको अवसरमा उक्त कृतिको लोकार्पणसँगै विमर्श गरेको हो ।

लाकौलले वि.सं.१९३७ र १९६७-१९६८ सालतिर लेखेका विषयहरुको पाण्डुलिपीहरु कृतिका रुपमा प्रकाशनमा ल्याइएको छ । उक्त कृतिको समाजका अध्यक्ष पुष्कर अथक रेग्मी, संरक्षक राजेन्द्रगोपाल सिंह, सहल्लाहकार चित्रवलीराम सुवाल, प्रकाशक/कृतिकारका सन्ततिहरू वनमाली लाकौल, रूपकिशोर लाकौल, भारत किशोर लाकौल, समीक्षकहरू विजय सागर, विश्वराज पौड्याल लगायतले संयुक्त रुपमा लोकार्पण गरेका हुन् । कृतिको लोकार्पण गर्दै समाजका संरक्षक तथा अतिथि राजेन्द्रगोपाल सिंहले लेखक लाकौल एक असाधारण प्रतिभाशाली धार्मिक व्यक्तित्व, अद्भुत दूरदर्शी र नविनतम् चिन्तक रहेको बताए । उनले भने'तत्कालिन समयमा शिक्षाको विकास र विस्तार नभएको अवस्थामा पनि नेवार परिवारमा जन्मिएर तीर्थ यात्रा दैनिकी, गिता सार, तारोपनिषद् जस्ता कृतिहरु लेख्नु चानचुने कुरा होइन, यसलाई अद्भुत र आश्चर्यजनक उपलब्धी नै मान्नुपर्छ ।' संरक्षक सिंहले पाल्पाको साहित्यिक इतिहासमा पाल्पालीका निम्ति प्रकाशित कृति ऐतिहासिक मात्र नभई समग्र नेपाली साहित्यमै भावी पुस्ताका लागि प्रेरणाको स्रोत समेत रहने विश्वास व्यक्त गरे । कार्यक्रममा समीक्षकहरू विजय सागरले तीर्थयात्रा दैनिकी र विश्वराज पौड्यालले गिता सारका बारेमा समीक्षा गरेका थिए । सोही अवसरमा कृतिकार कृष्णप्रसाद लाकौलका नाती, अक्षर पुरूष पुस्तक पढने दलान (धवल पुस्तकालय) का संस्थापक अम्बिकाप्रसाद लाकौलका सुपुत्र वनमाली लाकौलले १ लाख र रूपकिशोर लाकौलले ५५ हजार ५ सय ५५ को अक्षयकोष स्थापना समेत गरिदिएका छन् । समाजका अध्यक्ष पुष्कर अथक रेग्मीको अध्यक्षता, वनमाली लाकौलेको स्वागत, रूपकिशोर लाकौलको धन्यवाद, समाजका सचिव सविता भट्टराईको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# बगनासकालीमा व्यक्तिगत घटना दर्ता सचेतना कार्यक्रम



**पाल्पा,** वैशाख ३/जिल्लाको बगनासकाली गाउँपालिकाले व्यक्तिगत घट्ना दर्ता सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरेको छ । व्यक्तिगत घटना सम्बन्धी सचेतना सप्ताह अन्तर्गत पालिकाले सबै वडामा सचेतना कार्यक्रम सञ्चालन गरेको हो ।

घट्ना दर्ता सप्ताहको सन्दर्भ पारेर आइतबारदेखि सबै वडामा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको गाउँपालिका अध्यक्ष सरस्वती दर्लामी चिदीले बताइन् । उनले भनिन् 'सरकारले प्रदान गर्ने सेवा सुविधा विस्तार, नीति निर्माणका साथै दोहोरो पनलाई हटाउन घटना दर्ता आवश्यक रहेको छ । यस बारेमा आमनागरिकमा सचेतना जगाउनु आवश्यक छ ।' पालिकाले वडा ३ बाट कार्यक्रमको शुभारम्भ गरेको हो । कार्यक्रमको अध्यक्ष चिदीले शुभारम्भ गरेकी हुन् । उनले कार्यक्रमको शुभारम्भ गर्दै व्यक्तिका व्यक्तिगत घटनाहरू तोकिएको समय अर्थात् घटना घटेको ३५ दिनभित्र अनिवार्य रूपमा दर्ता गराउनुपर्दछ भन्ने सन्देश आमनागरिकमा पुऱ्याउन जरुरी रहेको बताइन् । कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बद्रिनाथ लम्सालले व्यक्तिगत घटना दर्ता व्यक्ति र राज्यका लागि महत्वपूर्ण कार्य रहेको बताए । उनले आफुले चाहेको बेला मात्र व्यक्तिगत घटना दर्ता गर्ने अवस्था विद्यमान रहेकाले यो समयमै घटना दर्ता गराउने सन्देश समुदायमा प्रवाह गर्न आवश्यक रहेको उल्लेख गरे ।

लम्सालले घटना दर्ता हेर्दा सरल देखिए पनि यसका नीतिगत कठिनाइका कारण केही समस्याहरू अझै कायम रहेकाले त्यसलाई न्यूनीकरण गर्न गाउँपालिकाले घट्ना दर्ता, सामाजिक सुरक्षा र राष्ट्रिय परिचय पत्र सम्बन्धी वृहत अभिमुखीकरण कार्यक्रम आयोजना गरी सहजीकरण गर्न लागेको समेत जानकारी दिए । वडा अध्यक्ष एवं गाउँपालिकाका प्रवक्ता टिकाबहादुर थापाले जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाईसराई जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको ३५ दिनभित्र आ-आफ्नो स्थायी ठेगाना वा घटना घटेको स्थानको वडा कार्यालयमा गई अनिवार्य रूपमा दर्ता गरी कार्यक्रमलाई भव्यताका साथ सफल बनाउन गाउँकार्यपालिकाको निर्णय अनुसार कार्यक्रम अगाडि बढाइएको बताए ।

कार्यक्रममा गाउँपालिकाका पञ्जिकरण शाखा प्रमुख भोजराज भट्टराईले व्यक्तिगत घटना दर्तामा पालिकाको अवस्था, नीतिगत व्यवस्था, समस्या लगायतका विषयमा जानकारी गराएका थिए । पालिकाले वडा २ पोखराथोकमा समेत सचेतनतामूलक कार्यक्रम गरेको पञ्जिकरण फिल्ड सहायक प्रेमबहादुर बगालेले जानकारी दिए । बैशाख ७ सम्म सबै वडामा पालिकाले कार्यक्रम गर्नेछ । अहिले देशभरका स्थानीय तहहरुले व्यक्तिगत घट्ना दर्ता सचेतना सप्ताह कार्यक्रम सञ्चालन गरेका छन् । राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागले सन् २०२४ को अन्त्य सम्ममा सत प्रतिशत व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाई सराई तथा सम्बन्ध विच्छेद) गराउने लक्ष्य राखेकोले सबैलाई सबैखाले घटना दर्ता समयमै गराउन आग्रह समेत गरेको छ ।


## शिक्षक आवश्यकता

**प्रकाशित मिति : २०८१/०१/०४**

प्रस्तुत विषयमा यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०१/०३ गतेको निर्णय अनुसार विद्यालयमा माध्यमिक तहका लागि अंग्रेजी विषय निजी स्रोतमा शिक्षक नियुक्त गर्नुपर्ने भएकोले तपसिलको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ ।

**विज्ञापन नं.** : ०५/२०८०/०८१, **पद** : शिक्षक,
**संख्या** : १ (एक), **विषय** : अंग्रेजी
**शैक्षिक योग्यता** : अंग्रेजी विषयमा स्नातक वा सो सरह ।
**निवेदन दस्तुर** : रु.७००/-
**उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
**तलब स्केल** : विद्यालयले तोके बमोजिम
**दरखास्त दिने अन्तिम मिति** : २०८१/०१/१० गते
**सम्पर्क मिति** : २०८१/०१/१० गते ४ बजे पछि
**परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।
**परीक्षाको किसिम** : लिखित, कक्षा अवलोकन र अन्तर्वार्ता
**आवश्यक कागजातहरु** : व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
**सम्पर्क नं.** : ०७५-५२०४२८, ९८५७०६०६५१

**श्री देववाणी संस्कृत तथा साधारण माध्यमिक विद्यालय**
तानसेन-२, पाल्पा


## खेलकुद समाचार

# नेपालको लगातार तेस्रो जित



**काठमाडौं,** वैशाख ३/नेपालले एसीसी प्रिमियर कप २०२४ मा हङकङलाई ८ विकेटले हराउँदै लगातार तेस्रो जित हात पारेको छ । समूह ए मा तेस्रो जितका साथ नेपालको सेमिफाइनल यात्रा अब औपचारिकता मात्रै बाँकी छ ।

११५ रनको लक्ष्य पछ्याएको नेपालले १२.२ ओभरमा २ विकेट गुमाउँदै पूरा गर्यो । ओपनर आसिफ शेखले १८ बलमा ३ चौका र ३ छक्कासहित सर्वाधिक ४० रन बनाए । अर्का ओपनर कुशल भुर्तेल १९ बलमा ३ चौका र २ छक्कासहित ३२ रन बनाए । नेपाललाई ओपनर कुशल भुर्तेल र आसिफ शेखले ५.३ ओभरमा ७० रन जोड्दै शानदार सुरुवात दिलाएका थिए । रोहित पौडेल २० बलमा ३ चौकासहित २५ रनमा नटआउट रहे । सन्दीप जोराले १७ बलमा १ चौका र १ छक्कासहित १९ रन बनाए । बलिङतर्फ हङकङका एहसान खान र यासिम मुर्तजाले १/१ विकेट लिए । त्यसअघि अल अमरेत क्रिकेट ग्राउण्ड १ मा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको हङकङ १७.५ ओभरमा ११४ रनमा अल आउट भएको थियो । कप्तान निजाकत खानले २६ बलमा ४ चौका र १ छक्कासहित सर्वाधिक ३४ रन बनाए । अन्य कुनैपनि ब्याटरले राम्रो प्रदर्शन गर्न सकेनन् । ओपनर मार्टिन कोट्जी ८, निजाकत खान १२, बाबर हायत ६, अजिज खान ७, यासिम मुर्तजा २ नसरुल्ला राणाले ६, जिशान अली १४ र एहसान खान ११ रनमा आउट भए । नेपालका तीव्र गतिका बलर अभिनाश बोहराले ४ ओभरमा २९ रन खर्चेर ३ विकेट लिए । ललित राजवंशीले ४ ओभरमा १ मेडनसहित १४ रन खर्चेर २ विकेट लिए । दीपेन्द्रसिंह ऐरीले २ र करण केसीले १ विकेट लिए । नेपालले पहिलो खेलमा मलेसियालाई ५ विकेट र दोस्रो खेलमा कतारलाई ३२ रनले हराएको थियो । नेपालले समूह चरणको अन्तिम खेल बुधबार साउदी अरेबियासँग खेल्नेछ । समूह ए मा अब मलेसिया र साउदी अरेबियाको मात्रै ६ अंक पुग्न सक्छन् ।


**वर्गिकृत डिस्प्ले**

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# निगमले बुझायो किस्ता वापतको ५३ करोड




**काठमाडौं,** वैशाख ३/नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) ले जहाज खरिद गर्न लिएको ऋणवापतको चैत मसान्तसम्मको रु ५३ करोड, नौ लाख ५५ हजार दुई सय ८१ रकम भुक्तानी गरेको छ ।

निगमका प्रवक्ता रमेश पौडेलका अनुसार निगमले अन्तर्राष्ट्रिय उडानको लागि खरिद गरेका दुई न्यारो बडी र दुई वाइड बडी जहाजको लागि कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषबाट लिएको ऋण दायित्वमध्ये दुई न्यारो बडी जहाजको २०८० चैत महिनाको किस्तावापत पूरा र दुई वाइड बडी जहाजको आंशिक गरी उक्त रकम भुक्तानी गरेको हो । निगमले २०८० चैतसम्मको अवधिमा रु पाँच अर्ब ३६ करोड ६६ लाख ८६ हजार नौसय ६८ किस्ता रकम भुक्तानी गरेको छ । साथै, निगमले कोभिड-१९ का कारण निगमको व्यापारमा असर रहेकाले सो अवधिको ब्याजको ब्याज, हर्जना र पेनल छुट गरी सहयोग गर्न एवं किस्ताको संख्या वृद्धि गरेर ऋण दायित्व भुक्तानीलाई सहजीकरण गरिदिन दुवै कोषलाई अनुरोध गरिएको निगमले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई